


विधा अन्तरगत ओभरनाइट तरलता विधा १.५ प्रतिशतले कम गरेकाले द्रा बजारको व्याजदरमा केहि कमी याउन सहयोग गर्ने परिसंघले विस्वास क्त गरेको छ।

यसलाई कर्जाको व्याजदर ट्ने क्रममा रहेको संकेतको रुपमा ष्ट्र बैंकले व्याख्या गरेको भन्दै रिसंघले कर्जाको ब्याजदर कम गर्न धार दर कम हुने गरि पछिल्लो न महिनाको औसत आधार दरको वधारणा अनुसार मासिक कर्जाको याजदर निर्धारण गर्न परिसंघले एको सुझावविपरीत बेवास्त गरेको ताइएको छ।

झाएको थियो। कर्जाको व्याजदर ट्दा अर्थतन्त्र चलायमान हुने, बैंक था वित्तीय संस्थाको कर्जा असुल द्नुका साथै ल्एी समेत कम हुने वसर गुमेको छ। आगामी दिनहरूमा सलाई विचार गर्न नेपाल राष्ट्र बैंक था बैंक तथा वित्तिय संस्थाहरूलाई ाग्रह गर्दछौ।

बजारलाई चलायमान बनाइ पुँजीको जना गर्न साना, मझौलालगायत ला उद्योगमा कर्जाको सहज प्रवाह, जी बजार, कमरसियल हाउजिंग तथा पार्टमेन्टमा लगानी सहज बनाउन तथा भिन्न लगानीमा १५० प्रतिशत भारित

जोखिमलाई कम गर्नुपर्ने विषयलाई राष्ट्र बैंकले हाल पुरानै प्रावधान कायम गरेकाले आगामी समीक्षामा यी विषयमा केन्द्रीत हुन पनि परिसंघले सुझाएको छ।

नेपाल सरकारले संसद सचिवालयमा 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक' दर्ता गराएकोप्रति ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालले आपत्ति जनाएको छ।

'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन २०६४' को मूल उद्देश्य नै अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरणको निवारण रहेको भन्दै टीआईले ऐनको मूल मर्म र उद्देश्य प्रतिकूल हुने गरी 'स्रोत नखुलेको सम्पत्तिमा कर तिरेमा सो सम्पत्तिलाई स्वतः वैधता प्रदान गरिने अर्थात् अवैध तरीकाले आर्जित धनलाई स्वतः वैध तुल्याइने बाटो' प्रस्तावित संशोधन विधेयकले नखोलोस् भन्नेतर्फ सजग रहन टीआई नेपालले आग्रह गरेको छ।

अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र भएको हुँदा अवैध तरीकाले आर्जित धनलाई कुनै पनि बहानामा वैध तुल्याउने बाटो खोल्नु उक्त महासन्धिको प्रतिकूल हुने टीआई नेपालको दावी छ। साथै, अदालतले सम्पत्ति शुद्धीकरण मूल कसूरको सह उत्पादन भएको र मूल कसूर लुकाएर आर्जित सम्पत्ति बैध देखाउन गरिने कार्यलाई अपराधको कोटिमा राख्ने नजीर कायम गरिसकेकाले त्यसलाई बेवास्ता गर्नु कानूनी राज्यको अवधारणा प्रतिकूल हुने बताइएको छ।

अवैध तरीकाले आर्जित धनलाई कुनै पनि तरीकाले वैध तुल्याउने बाटो वा छिद्र प्रस्तावित संशोधन विधेयकले खोल्न नहुने टीआई नेपालले सरोकारवालालाई आग्रह गरेको छ।

1st published on Karobar Daily dtd 14/02/2023

## हिमालयन बैंक लिमिटेड र सिभिल बैंक लिमिटेडका एकिकृत कारोबार, बैंकिङ्ग सेवा तथा कारोबार बन्द रहने बारे अत्यन्तै जरुरी सूचना

हिमालयन बैंक लिमिटेडद्वारा सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी यही मिति २०७९ फाल्गुण महिना १२ गते शुक्रबारका दिन देखि "**हिमालयन बैंक लिमिटेड**" नामबाट "**क**"वर्गको इजाजत प्राप्त बैंकको रुपमा एकिकृत कारोबार सुरु गर्ने जानकारी गराउँदै बैंकका सेवा-सुबिधामा निम्न अनुसारको फेर बदल आउने जानकारी गराउँदछौ।

- प्राप्ति पश्चात् बैंकको रजिष्टर्ड कार्यालय हाल हिमालयन बैंक लिमिटेडको रजिष्टर्ड कार्यालय रहेको स्थान काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं २८ कमलादी, काठमाडौंमा रहने जानकारी गराउँदछौं।
- हिमालयन बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरु **System Upgradation/Data Migration** का लागि मिति २०७९ फाल्गुण महिना ८ गते सोमबारको सन्ध्याकालिन काउन्टर सेवा, मिति २०७९ फाल्गुण महिना १० गते बुधबार र २०७९ फाल्गुण महिना ११ गते बिहिबार बन्द रहने छन् भने सिभिल बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरु मिति २०७९ फाल्गुण महिना ८ गते सोमबार देखि २०७९ फाल्गुण महिना ११ गते बिहिबार सम्म बन्द रहने छन्।
- सिभिल बैंक लिमिटेडका शाखा कार्यालयहरु मिति २०७९ फाल्गुण महिना ७ गते आईतबार सुचारु रहने छन्।
- सो अबधिमा हिमालयन बैंकबाट जारी भएको **ATM** कार्डहरु (डेबिट, क्रेडिट तथा प्रिपेड) मार्फत हुने कारोबारहरु सुचारु रहने छन्।
- सिभिल बैंकबाट जारी भएको **ATM** कार्डहरु (डेबिट, क्रेडिट तथा प्रिपेड) मार्फत हुने कारोबारका साथै दुवै बैंकका **Mobile Banking App** र **Internet Banking** सेवा भने सो अबधिका लागि बन्द रहने छ।
- एकिकृत कारोबार पश्चात सिभिल बैंकका ग्राहकहरुको खाता नम्बर परिवर्तन हुने हुँदा आफ्नो नजिकको शाखामा गई नयाँ खाता नम्बर लिनुहुन अनुरोध गर्दछौं।

प्राप्ति प्रक्रियामा उल्लेखित दिनहरुमा दुवै बैंकका शाखा कार्यालयहरु तथा बैंकिङ्ग कारोबार बन्द हुने कारणले ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमा प्रार्थी छौं।

हिमालयन बैंक लिमिटेडद्वारा सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्पूर्ण प्रक्रियामा सहयोग पुऱ्याउनु हुने नियमनकारी निकायका पदाधिकारीज्यूहरु लगायत सम्पत्ति दायित्व मूल्याङ्कनकर्ता तथा यस प्रक्रियालाई सहज बनाउने अन्य सम्पूर्ण विशेषज्ञहरु प्रति हिमालयन बैंक लिमिटेड तथा सिभिल बैंक लिमिटेड हार्दिक आभार व्यक्त गर्दछौं।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

सिभिल बैंक लिमिटेड CIVIL BANK LTD. Thinking forward Moving forward

## न सम्बन्धी सूचना

२०७९/११/०२

सम्पन्न विशेष साधारण सभाको र्यालयको मिति २०७९/१०/२२ आई. होल्डिङ्स कम्पनी प्रा.लि. म्पूर्ण चल अचल सम्पत्ति तथा ादि परिवर्तित नाम **टि.थ्री हाइड्रो** **ro Company Pvt. Ltd.** ले गरिएको व्यहोरा यसै सूचनाद्वारा